आज मिति २०८१ चैत्र ०७ गतेका दिन कोल्हवी नगरपालिकाका नगर प्रमुख श्री राम प्रसाद चौधरी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक वसी तपसिलको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

देहाय

| क्र.सं. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | राम प्रसाद चौधरी | नगर प्रमुख | कोल्हवी ११, बारा | |
| २ | लक्ष्मी कुमारी चौधरी | नगर उप प्रमुख | कोल्हवी ३, बारा | |
| ३ | राजहरण चौधरी | वडा अध्यक्ष (वडा नं. १) | कोल्हवी १, बारा | |
| ४ | गोपाल प्रसाद अधिकारी | वडा अध्यक्ष (वडा नं. २) | कोल्हवी २, बारा | |
| ५ | किसुनदयाल चौधरी थारु | वडा अध्यक्ष (वडा नं. ३) | कोल्हवी ३, बारा | |
| ६ | विष्णु प्रसाद मैनाली | वडा अध्यक्ष (वडा नं. ४) | कोल्हवी ४, बारा | |
| ७ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ५) | कोल्हवी ५, बारा | |
| ८ | दिनेश प्रसाद चौधरी | वडा अध्यक्ष (वडा नं. ६) | कोल्हवी ६, बारा | |
| ९ | सलाउदिन अंसारी | वडा अध्यक्ष (वडा नं. ७) | कोल्हवी ७, बारा | |
| १० | अनुप सुवेदी | वडा अध्यक्ष (वडा नं. ८) | कोल्हवी ८, बारा | |
| ११ | दलवहादुर चौधरी | वडा अध्यक्ष (वडा नं. ९) | कोल्हवी ९, बारा | |
| १२ | कुञ्जविहारी चौधरी | वडा अध्यक्ष (वडा नं. १०) | कोल्हवी १०, बारा | |
| १३ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ११) | कोल्हवी ११, बारा | |
| १४ | मैनावती देवी दर्जी | नगर कार्यपालिका सदस्य | कोल्हवी ९, बारा | |
| १५ | रनिया थरुनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ११, बारा | |
| १६ | विमला कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | कोल्हवी १०, बारा | |
| १७ | मन्जु देवी महरा | नगर कार्यपालिका सदस्य | कोल्हवी ३, बारा | |
| १८ | सिता सहनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ७, बारा | |
| १९ | कपिलदेव ठाकुर | नगर कार्यपालिका सदस्य | कोल्हवी ११, बारा | |
| २० | जयनारायण सिंह चनउ | नगर कार्यपालिका सदस्य | कोल्हवी ५, बारा | |
| २१ | राजकुमार दास सरभंग | नगर कार्यपालिका सदस्य | कोल्हवी १, बारा | |
| २२ | पितानाथ लुइटेल | सदस्य सचिव (प्र.प्र.अ.) | कोल्हवी न.पा., बारा | |

CamScanner

**प्रस्तावहरू**

१. आर्थिक सहायता सम्बन्धमा ।

२. कृषि सहजकर्ता माँग सम्वन्धमा ।

३. घरजग्गा, सटर, कोठा तथा टहरा भाडामा लगाउने सम्बन्धी कार्यविधि बनाउने सम्बन्धमा ।

४. सवारी साधन मर्मत रकम भुक्तानी सम्बन्धमा । .

५. सामाग्री हस्तान्तरण सम्बन्धमा ।

६. म्याचिङ्ग फन्ड २०% बजेट सुनिश्चित सम्वन्धमा ।

७. जग्गा बहाल सम्वन्धमा ।

८. मन्त्रालयबाट प्राप्त राज्य सुविधा परिचय-पत्र वितरण सम्बन्धमा ।

९. खेलकुद समितिमा मनोनित गर्ने सम्बन्धमा ।

१०. शोक सम्वेदना सम्बन्धमा ।

**निर्णयहरू**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कोल्हवी नगरपालिकामा कार्यरत हलुका सवारी चालक श्री घनश्याम पनुहरको मिति २०८१।१२।०१ गते असमाहिक निधन भएकोले सहयोगको रुपमा रकम रू ५०,०००।- (अक्षरेपी पचास हजार मात्र) आर्थिक सहयोग दिने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा यस नगरपालिकाको सबै वडाहरुमा किसान सुचिकरण कार्यक्रम संचालन गर्न वडा नं. १ र ५ बाट २/२ जना र बाँकी वडाहरुबाट १/१ जनाका दरले जम्मा १३ जना तपसिल वमोजिम न्यूनतम योग्यता पुगेका व्यक्तिहरू मध्येबाट सम्बन्धीत वडाबाट छनौट गरी कृषि सहजकर्ता खटाउने निर्णय गरियो ।

कृषि सहजकर्ताका लागि चाहिने न्यूनतम योग्यताहरु:

क) नेपाली नागरिक भएको ।

ख) १८ वर्ष पुरा गरी ३५ वर्ष ननाघेको ।

ग) कम्तीमा १२ कक्षा उतीर्ण भएको वा कृषि/पशु जेटिए कोर्ष उतीर्ण गरेकोलाई विशेष प्राथमिकता दिइनेछ।

घ) ईन्टरनेट चलाउन र राम्रोसँग नेपाली वा अंग्रेजीमा टाईप गर्न जानेको।

ङ) आफुसँग ल्यापटप वा टयावलेट वा एन्ड्रोइड वा स्मार्ट फोन भएको ।

च) अदालतबाट कुनै अभियोगमा कसुदार नठहरेको ।

CamScanner

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस कोल्हवी नगरपालिकाको घरजग्गा, सटर, कोठा तथा टहरा भाडामा लगाउने सम्बन्धी कार्यविधि तर्जुमा गर्न विधेयक समितिलाई सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कोल्हवी नगरपालिका अन्तरगत रहेका साना एवं हेभी सवारी साधनहरू विभिन्न समयमा मर्मत भई जिन्सी शाखांबाट मर्मत आदेश र मर्मत सम्पन्न प्रतिवेदन सहित पेश भुकतानी हुन बाँकी फर्महरू लाई रकम भुक्तानी गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढ बाराको प्राप्त पत्रानुसार ट्राफिक ट्र्याकिङ सिष्टम सच्चालनका लागि माग भई आएको डेस्कटप कम्प्युटर १ थान, प्रिन्टर १ थान, टेवल १ थान र कुर्सी २ थान खरिद गरि हस्तान्तरण गर्ने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा नेपाल पर्यटन बोर्डको च.नं. ४।पसवि।२०८१/०८२।०६ मिति २०८१।१०।०७ गतेको प्राप्त पत्रानुसार "थारू संग्रहालय निर्माण बारा कोल्हवी" को बजेट रकम रू ३,००,०००।—(अक्षरेपी तीन लाख मात्र) को म्याचिङ्ग फन्ड २० प्रतिशत (रू ६०,०००।-) बजेटको सुनिश्चितता गर्ने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा कोल्हवी नगरपालिकाले श्री अनुप दिपनी माध्यमिक विद्यालय, कोल्हवीसँग बहालमा लिएको कोल्हवी नगरपालिका वडा नं. १ मा रहेको कित्ता नं. १३६ को ज.वि. ३-१०-७ क्षेत्रफलको जग्गाको कोल्हवी-खैरा सडक खण्डको उत्तरतर्फको भू-भागमा व्यवसाय संचालन गर्दै आईरहेका निम्न व्यवसायीहरूसँग नापी शाखाबाट प्राप्त क्षेत्रफलको अनुसारको जग्गा पक्की तथा अर्धपक्की संरचनाको हकमा प्रतिधुर मासिक बहाल दर रू ६०० र कच्ची संरचनाको हकमा प्रतिधुर मासिक बहाल दर रू ५०० मा ६ महिनाको बहाल रकम बराबरको रकम धरौटी स्वरूप राख्ने र प्रत्येक २ वर्षमा १० प्रतिशतका दरले वहाल रकम वृद्धि हुने शर्तमा निम्न अवधिका लागि वहाल सम्झौता गर्ने निर्णय गरियो ।

| क्र.सं. | नाम,थर | संचरना | सम्झौता अवधि |
|---|---|---|---|
| १. | हरिचन्द्र प्रसाद बसार | कच्ची | ६ वर्ष |
| २. | राम विश्वास साह सोनार | पक्की | १० वर्ष |

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयबाट प्राप्त राज्य सुविधा परिचय-पत्र प्राप्त भएको सबै परिचयपत्रहरू सम्बन्धीत वडाहरूमा पठाई सो परिचयपत्र सम्बन्धित वडाबाट व्यक्ति यकिन गरी सो परिचयपत्रमा गरिव परिवार परिचयपत्र वितरण कार्यविधि, २०७९ को दफा ७ को उपदफा (३) अनुसार दस्तखत गरी वितरण गराउने र सो सम्बन्धी कार्यमा सहजिकरण तथा सहकार्य गर्न सूचना प्रविधि शाखा प्रमुखबाट गर्ने/गराउने निर्णय गरियो ।

CS CamScanner

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा खेलकुद विकास समिति संचालन कार्यविधि, २०८० को दफा ३ को बुदाँ ख बमोजिम तपसिलका व्यक्तिहरूलाई छनौट गरी मनोनित गर्ने निर्णय गरियो ।

तपसिल

१.

२.

३.

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा यस कोल्हवी नगरपालिकामा कार्यरत कर्मचारी हलुका सवारी चालक श्री घनश्यम पनुहरको मिति २०८१।१२।०१ गते शुक्रवार असमाहिक निधन भएकोले यस दु:खद घडीमा मृत आत्माको चीर शान्तिको कामना र शोकसन्तप्त परिवारजनं प्रति धैर्य धारण गर्न कामना गर्ने साथै मृतकको सम्झनामा कदर-पत्र प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

आज मिति २०८१ चैत्र २० गतेका दिन कोल्हवी नगरपालिकाका नगर प्रमुख श्री राम प्रसाद चौधरी ज्यू को अध्यक्षतामा देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिलको प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**देहाय**

| क्र.स. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | राम प्रसाद चौधरी | नगर प्रमुख | कोल्हवी ११ | |
| २ | लक्ष्मी कुमारी चौधरी | नगर उपप्रमुख | कोल्हवी ३ | |
| ३ | राजहरण चौधरी | वडा अध्यक्ष (वडा नं. १) | कोल्हवी १ | |
| ४ | गोपाल प्रसाद अधिकारी | वडा अध्यक्ष (वडा नं. २) | कोल्हवी २ | |
| ५ | किसुनदयाल चौधरी | वडा अध्यक्ष (वडा नं. ३) | कोल्हवी ३ | |
| ६ | विष्णु प्रसाद मैनाली | वडा अध्यक्ष (वडा नं. ४) | कोल्हवी ४ | |
| ७ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ५) | कोल्हवी ५ | |
| ८ | दिनेश प्रसाद चौधरी | वडा अध्यक्ष (वडा नं. ६) | कोल्हवी ६ | |
| ९ | सलाउदिन अंसारी | वडा अध्यक्ष (वडा नं. ७) | कोल्हवी ७ | |
| १० | अनुप सुवेदी | वडा अध्यक्ष (वडा नं. ८) | कोल्हवी ८ | |
| ११ | दल वहादुर चौधरी | वडा अध्यक्ष (वडा नं. ९) | कोल्हवी ९ | |
| १२ | कुन्जविहारी चौधरी | वडा अध्यक्ष (वडा नं. १०) | कोल्हवी १० | |
| १३ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ११) | कोल्हवी ११ | |
| १४ | मैनावती देवी दर्जी | नगर कार्यपालिका सदस्य | कोल्हवी ९ | मैनावती |
| १५ | रनिया थरुनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | रनिया |
| १६ | विमला कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | कोल्हवी १० | विमला |
| १७ | मन्जु देवी महरा | नगर कार्यपालिका सदस्य | कोल्हवी ३ | |
| १८ | सिता सहनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ७ | सिता |
| १९ | कपिलदेव ठाकुर | नगर कार्यपालिका सदस्य | कोल्हवी ११ | |
| २० | जयनारायण सिंह चनउ | नगर कार्यपालिका सदस्य | कोल्हवी ५ | |
| २१ | राजकुमार दास सरभंग | नगर कार्यपालिका सदस्य | कोल्हवी १ | |
| २२ | पितानाथ लुईटेल | नगर सचिव (प्र.प्र.अ.) | कोल्हवी १ | |

**प्रस्तावहरु**

१. आगामी आ.व. २०८२/८३ को बजेट सम्वन्धमा ।

२. प्राथमिक स्वास्थ्य केन्द्र कोल्हवीको औषधी पसल व्यवस्थापन सम्वन्धमा ।

३. विविध विषय सम्वन्धमा ।

क. आर्थिक सहयोग सम्वन्धमा।

ख. जग्गाधनि पूर्जाको सिफारिस सम्वन्धमा।

ग. स्वास्थ्य कर्मचारी व्यवस्थापन सम्वन्धमा ।

**निर्णयहरु**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा : आगामी आ.व. २०८२/८३ को बजेट सम्वन्धमा आगामी कार्यपालिका बैठकमा थप छलफल गर्ने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा : यस कोल्हवी नगरपालिका वडा नं. १ अन्तरगत रहेको प्राथमिक स्वास्थ्य केन्द्र, कोल्हवीमा संचालनमा रहेको औषधी पसल (सुबोध मेडिकल हल) बन्द गरी पाँउ भनि उक्त फर्म संचालकले निवेदन पेश गरे बमोजिम सम्झौता बमोजिम आवश्यक दस्तुर असुल उपर गरी बन्द गर्न अनुमति प्रदान गर्ने साथै नयाँ औषधी पसल संचालन गर्ने आवश्यक प्रकृया अगाडी बढाउन स्वास्थ्य शाखालाई निर्देशन दिने निर्णय गरियो ।

३. विविध विषय सम्वन्धमा ।

क. प्रस्ताव नं. ३क माथि छलफल गर्दा : नगरपालिका कार्यालयमा विभिन्न समस्या तथा आर्थिक विपन्नहरुले आर्थिक सहयोगका लागि निवेदन पेश गर्ने देहाय बमोजिमका व्यक्तिहरुलाई देहाय बमोजिमको रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

देहाय

| क्र.स. | सहयोग माँग गर्नेको नाम थर | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | पार्वती कुमारी न्यौपाने | कोल्हवी न.पा.-८ | रु. २००००.०० | ब्रेन ट्युमर पिडित |
| २ | विनोद प्रसाद साह | कलैया २२ भोडाहा | रु. ५०००.०० | सन्मतमाई मेला |
| ३ | राम प्रसाद माझी | कोल्हवी न.पा. ९ | रु. ५०००.०० | श्रीमतीको मृत्यु भएकोले काजक्रिया |

ख. प्रस्ताव नं. ३ख माथि छलफल गर्दा : कोल्हवी नगरपालिका वडा नं. ८ अन्तरगत रहेको श्री ने.रा.मा.वि. नयावस्तिले ऐ.ऐ को सार्वजानिक जग्गा ४-१०-० भोगचलन गर्दै आई रहेको र सो जग्गाको जग्गाधनी पूर्जा विद्यालयको नाममा प्राप्त गर्नका लागि जिल्ला प्रशासन कार्यालय, कलैया, बारामा सिफारिस गर्ने निर्णय गरियो ।

ग. प्रस्ताव नं. ३ग माथि छलफल गर्दा : यस कोल्हवी नगरपालिका अन्तरगत रहेका स्वास्थ्य संस्थाहरुमा कार्यरत रहेका कर्मचारीहरु शाखा वा संस्था हेरफेर तथा जनशक्ती थपघटका लागि स्वास्थ्य शाखाबाट सिफारिस भए बमोजिम गर्न प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मा दिने निर्णय गरियो ।

CamScanner

आज मिति २०८१ चैत्र २७ गतेका दिन कोल्हवी नगरपालिकाका नगर प्रमुख श्री राम प्रसाद चौधरी ज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यहरूको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी तपसिलको प्रस्तावहरू माथि छलफल गरी निर्णय गरियो ।

**देहाय**

| क्र.सं. | नाम | पद | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | राम प्रसाद चौधरी | नगर प्रमुख | कोल्हवी ११, बारा | |
| २ | लक्ष्मी कुमारी चौधरी | नगर उप प्रमुख | कोल्हवी ३, बारा | |
| ३ | राजहरण चौधरी | वडा अध्यक्ष (वडा नं. १) | कोल्हवी १, बारा | |
| ४ | गोपाल प्रसाद अधिकारी | वडा अध्यक्ष (वडा नं. २) | कोल्हवी २, बारा | |
| ५ | किसुनंदयाल चौधरी थारु | वडा अध्यक्ष (वडा नं. ३) | कोल्हवी ३, बारा | |
| ६ | विष्णु प्रसाद मैनाली | वडा अध्यक्ष (वडा नं. ४) | कोल्हवी ४, बारा | |
| ७ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ५) | कोल्हवी ५, बारा | |
| ८ | दिनेश प्रसाद चौधरी | वडा अध्यक्ष (वडा नं. ६) | कोल्हवी ६, बारा | |
| ९ | सलाउदिन अंसारी | वडा अध्यक्ष (वडा नं. ७) | कोल्हवी ७, बारा | |
| १० | अनुप सुवेदी | वडा अध्यक्ष (वडा नं. ८) | कोल्हवी ८, बारा | |
| ११ | दलबहादुर चौधरी | वडा अध्यक्ष (वडा नं. ९) | कोल्हवी ९, बारा | |
| १२ | कुञ्जबिहारी चौधरी | वडा अध्यक्ष (वडा नं. १०) | कोल्हवी १०, बारा | |
| १३ | नन्दकिशोर चौधरी | वडा अध्यक्ष (वडा नं. ११) | कोल्हवी ११, बारा | |
| १४ | मैनावती देवी दर्जी | नगर कार्यपालिका सदस्य | कोल्हवी ९, बारा | मैनामती |
| १५ | रनिया थरुनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ११, बारा | रनिया |
| १६ | विमला कुमारी चौधरी | नगर कार्यपालिका सदस्य | कोल्हवी १०, बारा | बिमला |
| १७ | मन्जु देवी महरा | नगर कार्यपालिका सदस्य | कोल्हवी ३, बारा | मन्जु |
| १८ | सिता सहनी | नगर कार्यपालिका सदस्य | कोल्हवी ७, बारा | सिता |
| १९ | कपिलदेव ठाकुर | नगर कार्यपालिका सदस्य | कोल्हवी ११, बारा | |
| २० | जयनारायण सिंह चनउ | नगर कार्यपालिका सदस्य | कोल्हवी ५, बारा | |
| २१ | राजकुमार दास सरभंग | नगर कार्यपालिका सदस्य | कोल्हवी १, बारा | |
| २२ | पितानाथ लुइटेल | सदस्य सचिव (प्र.प्र.अ.) | कोल्हवी न.पा., बारा | |

CamScanner

**प्रस्तावहरू**

१. आगामी आ.व. २०८२/०८३ को योजनाहरूको छलफल सम्बन्धमा ।

२. सामुदायिक अध्ययन केन्द्र सञ्चालन सम्बन्धमा ।

३. कानून बनाउन विधेयक समितिलाई सैद्धान्तिक सहमति दिने सम्बन्धमा ।

४. प्रस्तावना तयार गर्ने सम्बन्धमा ।

**निर्णयहरू**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा यस कोल्हवी नगरपालिकाको सम्पूर्ण वडाहरू (१-११ सम्मको) मुख्य मुख्य योजनाहरूको बारेमा छलफल गरियो साथै सो विषयमा आगामी वजेटको सिलिङ्ग तथा स्रोत अनुसार थप छलफल गरी टुङ्ग्याउने निर्णय गरियो ।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा यस कोल्हवी नगरपालिका अन्तरगत सञ्चालनमा रहेको जनज्योती सामुदायिक अध्ययन केन्द्रलाई नै पुनःसञ्चालन गर्न दिने र यस केन्द्रमा तोकिएको कार्यक्रमहरू सो केन्द्रमा कार्यरत रहेको परिचालिकालाई नै कामकाज गर्ने/गराउने सर्वसहमतवाट निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस कोल्हवी नगरपालिकाको कार्यविभाजन नियमावली, कार्यसम्पादन नियमावली र विषयगत समिति गठन समवन्धी कार्यविधि बनाउन आवश्यक देखिएकोले उक्त कानूनहरू तर्जुमा गर्न विधेयक समितिलाई सैद्धान्तिक सहमति दिने सर्वसहमत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस कोल्हवी नगरपालिकामा नगर प्रहरीको व्यवस्था गर्न आवश्यक पर्ने कानून तर्जुमाको लागि विधेयक समितिलाई प्रस्तावना तयार गर्न सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।